बुद्धभूमि नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या : ०७६/०७७ हनुमानचोक बुड्ढी कपिलवस्तु

चलानी नं.: २४४८ ५ नं. प्रदेश मिति २०७६/११/३०

श्री सवै वडा कार्यालय
बुद्धभुमि नगरपालिका
कपिलवस्तु,

विषय : नोभल कोरोना भाइरसको संक्रमण फैलन नदिन व्यवस्था मिलाउने सम्वन्धमा ।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६।११।२८ को च.न. ३०१ को प्राप्त पत्र अनुसार चीनको बुहानबाट फैलिएको नोभल कोरोना भाइरसको संक्रमण विभिन्न मुलुकमा फैलिने क्रममा छ, सो संक्रमणबाट हाम्रो देशमा पनि प्रकोप देखिन सक्ने संभावनालाई मध्यनजर गर्दै प्रत्येक स्थानिय तहका वडाहरुमा समन्वय समिती गठन गर्नु पर्ने भनि लेखि आएकोले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

समितिको गठनको ढाँचा

१) वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि - संयोजक
२) वडाको जनप्रतिनिधिहरु - सदस्य
३) स्वास्थ्य संस्थाका प्रतिनिधि - सदस्य
४) विद्यालयका प्र.अ. - सदस्य
५) समाजसेवीहरु मध्येबाट वडाले मनोनयन गरेका पाँचजना - सदस्य
६) वडा कार्यालयको सचिव - सदस्य सचिव

समितिको कार्य विवरण

१) आफ्नो समुदाय भित्र देहायको लक्षण देखिएमा नोभल कोरोना भाइरसको संक्रमण हुन सक्ने भएकोले त्यस्ता व्यक्तिहरुको निगरानी गर्ने ।
क) १०० डिग्री फरेन हाईट भन्दा माथी निरन्तर ज्वरो आएका ।
ख) श्वास प्रश्वासमा अत्याधिक समस्या (सास फेर्न गाह्रो भएका)
ग) घाँटी दुखेका ,
घ) रुघा खोकी लागेका,
ङ) टाउको दुखेका,

२ वाहिरबाट आफ्नो समुदायमा भित्रिने व्यक्तिहरुमा भाइरसको संक्रमण अथवा फ्लु हुन सक्ने भएकोले प्रवेश विन्दुहरुमा निगरानीको व्यवस्था मिलाउने ।

३. भाइरसको संक्रमण अथवा फ्लुको लक्षण देखिएका व्यक्तिहरुवाट अरुलाई फैलन नदिन संक्रमितलाई घरबाट बाहिर ननिस्की , आफ्नै घरमा नै वस्ने व्यवस्था मिलाउने ।

४. संक्रमण भएका व्यक्तिहरुलाई १०० डिग्री फरेनहाईट ज्वरो नघटी निरन्तर ज्वरो आइरहेमा सिटामोल खान लगाउने र तत्काल उपचारको लागि स्वास्थ्य संस्थामा लैजाने ।

५. संक्रमण भएका व्यक्तिलाई पर्याप्त मात्रामा तातो झोलिलो खाने कुरा खान र घाँटी सुख्खा हुन नदिन सुझाव दिने ।

६. संक्रमण भएका व्यक्तिले खोक्दा तथा हाच्छियु गर्दा नाक मुख छोप्ने व्यवस्था गर्ने गराउने ।

७. संक्रमण वा फ्लुको लक्षण देखिएको व्यक्तिलाई जो कोहीको सम्पर्कवाट टाढा रहने व्यवस्था मिलाउने ।

*नोट : यस कार्यालयबाट जनचेतना मुलक संदेशहरुका जिंगल विभिन्न रेडियो संचार मध्यमहरुमा प्रसारण गर्ने व्यवस्था भइसकेको छ ।*

२०७६।११।३०
लिल बहादुर राउत क्षेत्री
निमित्त प्रमुख प्रसाशकीय अधिकृत